"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"

# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं. ०७९/८०/
च.नं.

विज्ञप्ति

सूर्योदय नगरपालिकाको वडा नं. १० स्थित विनोद श्रेष्ठको घडेरी खार्ने क्रममा मिति २०८०/०१/२२ गते ढिस्कोले पुरिएर भारतको विहार राज्यका ४ जना मजदुरको घटनास्थलमा मृत्यु भएको घटनाको सन्दर्भका विषयलाई लिएर बालमैत्री स्थानीय शासनयुक्त सूर्योदय नगरपालिका घोषणा गरिएको विषयलाई सामाजिक सञ्जालमा भएको टिप्पणी प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । उक्त काममा घटनास्थलको प्रहरी मुचुल्का समेतका आधारमा बालश्रमिक नखटिएको व्यहोरा पुष्टि भएको छ । यस नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा भएको र यसको कार्यान्वयन आम सरोकारको विषय रहेकाले सामाजिक सञ्जालमा यस प्रकारको भ्रामक र अतिरञ्जित पोष्टहरू नगरिदिनु हुन अनुरोध गरिन्छ ।

दुर्घटनामा दिवङ्गत हुनुभएका चारैजना श्रमिकहरूप्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै परिवरजनमा गहिरो समवेदना प्रकट गर्दछौं । साथै सूर्योदय नगरपालिका स्थानीय बालमैत्री शासनयुक्त नगर भएको हुँदा यस क्षेत्रभित्र बालश्रमिकहरूको प्रयोग भए/ गरेको पाइएमा तुरुन्त सम्बन्धित वडा कार्यालय वा नगर कार्यपालिकाको कार्यालय (बाल कल्याण अधिकारी - श्री तारा शेर्पा, मो.नं. ९८४२६४७४९६) मा जानकारी गराइदिनु हुन सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध गरिन्छ ।

मिति : २०८०/०१/२५

ख्याम बहादुर भुजेल
प्रवक्ता